घाइते भएका कारण इङ्ल्याण्डका अनुभवी बल्लेबाज जेम्स एन्डरसनले भारतविरुद्धको क्रिकेट शृंखलाको प्रारम्भिक खेलमा सहभागिता जनाउन नसक्ने भएका छन्। ३४ वर्षीय एन्डरसनको काँधमा चोट लागेको छ।

अस्ट्रियाको भियनामा जारी टेनिस प्रतियोगिताको पहिलो चरणको खेलमा घरेलु खेलाडी बोर्जेन मेल्जरले स्पेनिस रोबर्ट बउटिस्टालाई ६–३, ७–५ अंकले हराएका छन्। मेल्जर प्रतियोगिताका पूर्वविजेता हुन्।

विश्व कप विजेता कप्तानको निधन

एजेन्सी
रियो डी जेनेरियो

ब्राजिललाई विश्व कप फुटबलको उपाधि जिताउने टोलीका कप्तान कार्लोस अल्बर्टो टोरेसको मंगलवार राति निधन भएको छ। ब्राजिलले सन् १९७० मा विश्व कप फुटबलको उपाधि चुम्दा उनी टोलीका कप्तान थिए। आफ्नो समयको प्रभावशाली खेलाडी कार्लोस अल्बर्टोको हृदयाघातका कारण ७२ वर्षको उमेरमा निधन भएको ब्राजिलियन फुटबल महासंघले जनाएको छ। उनको रियो दी जेनेरियोस्थित आफ्ने निवासमा निधन भएको समाचारमा जनाइएको छ।

'आफ्नो समयका महान् खेलाडी कार्लोस अल्बर्टो टोरेसको निधन भएको समाचार दिनुपर्दा हामी मर्माहत भएका छौं, महासंघद्वारा जारी विज्ञप्तिमा भनिएको छ। अन्तिम संस्कार गर्नुअघि उनको पार्थिव शरीरलाई अन्तिम श्रद्धाञ्जलिका लागि रियो दी जेनेरियोस्थित महासंघको मुख्यालयमा राखिने भएको छ। गत महिनामात्र उनका जुम्ल्याहा दाजु कार्लोस रोबर्टोको पनि निधन भएको थियो।

कार्लोस अल्बर्टो आफ्नो समयका प्रभावशाली डिफेन्डर थिए। ब्राजिललाई सन् १९७० मा मेक्सिकोमा सम्पन्न नवौं विश्व कपको उपाधि चुमाउन उनले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए। उक्त विश्व कपको फाइनलमा ब्राजिलले इटालीलाई ४–१ गोलले हराएको थियो। फाइनल खेलको ८८ औं मिनेटमा पेलेको पासमा उनले पनि एक गोल गरेका थिए। उक्त विश्व कपको फाइनलमा कार्लोस अल्बर्टोका अतिरिक्त पेले, गेयेन र जर्जिन्हो पनि एकएक गोल गरेका थिए।

विश्व फुटबलका सर्वकालीन महान् खेलाडी पेले र कार्लोस अल्बर्टो घनिष्ट मित्र थिए। 'मेदानमा मात्र होइन, मेदान बाहिर पनि उनी मेरा घनिष्ट मित्र थिए। मेरो भाइसमान मित्रको निधनको समाचारलाई मलाई स्तब्ध बनाएको छ', तीन पटकको विश्व कप विजेता पेलले भनेका छन्। सन् १९७० मा २५ वर्षीय कार्लोस अल्बर्टोको नेतृत्वमा विश्व कप जित्दै ब्राजिल तीन पटक विश्व कपको उपाधि चुम्ने पहिलो राष्ट्र पनि बनेको थियो। त्यसअघि ब्राजिलले सन् १९५८ र सन् १९६२ को विश्व कप पनि जितेको थियो।

तीन पटक उपाधि जित्दै ब्राजिलले भित्र्याएको उक्त विश्व कप ट्रफी चोरी भएको थियो। त्यसपछि पनि उनले आफ्नो कप्तानीमा ब्राजिललाई धेरै महत्त्वपूर्ण सफलता दिलाएका थिए। सोही कारणले उनले ब्राजिलमा 'दी क्याप्टेन' को उपनामसमेत पाएका थिए। सन् १९६४ देखि सन् १९७७ सम्म उनले ब्राजिलका लागि ५३ खेल खेल्दै आठ गोल गरेका थिए। 'कार्लोस अल्बर्टो टोलीका कप्तानमात्र होइन, फुटबलमा नयांनयाँ शैलीका आविष्कारक पनि थिए। उनी मेदानमा जाँदाले पनि नयां प्रयोग गर्न रुचाउंथे', ब्राजिलले सन् १९९४ को विश्व कप जित्दा टोलीका प्रशिक्षक रहेका कार्लोस अल्बर्टो पेरेइरा भन्छन्। सन् १९९४ को विश्व कपको फाइनलमा पनि ब्राजिलले इटालीलाई पराजित गरेको थियो। 'कार्लोस अल्बर्टोको निधनको समाचारले मलाई निकै दुःखी बनाएको छ, हामी दाजुभाइजस्ते थियौं', जर्मन राष्ट्रिय फुटबल टोलीका पूर्वकप्तान फ्रान्ज बेकेनबरले कार्लोस अल्बर्टोप्रति श्रद्धाञ्जलि अर्पण गर्दै सामाजिक सञ्जालमा लेख्नेका छन्। कार्लोस अल्बर्टो र बेकेनबरले न्यूयोर्क कसमसमा संगसँगै व्यावसायिक फुटबल खेलका थिए।

वसैगरी अर्जेन्टिनाका महान् फुटबलर डिएगो म्यारादोनालेपनि सामाजिक सञ्जालमार्फत कार्लोस अल्बर्टोप्रति श्रद्धाञ्जलि अर्पण गरेका छन्। कार्लोस अल्बर्टोले फ्लुमिनेज, सान्तोष, फ्लामेङ्गोलगायतका क्लबबाट पनि व्यावसायिक फुटबल खेलेका थिए। उनले आफ्नो व्यावसायिक खेल जीवनमा विभिन्न क्लबबाट सात सय ४३ खेल खेल्दै ६४ गोल गरेका थिए।

मिलनचोक र रानीपोखरी क्वार्टरमा

अन्नपूर्ण

मिलन चोक युथबिरुद्ध फ्रि किक प्रहार गर्दै ग्रामीण युवा परिषद् रस्नालुका खेलाडी (नीली जर्सीमा)।

अन्नपूर्ण
रामछाप

रामछाप प्रितीको मिलनचोक युथ सोसाइटी र बुर्के रस्नालुको रानीपोखरी युवा क्लब जिल्लामा जारी सर्वाधिक धनराशिको फुटबल प्रतियोगिता भुजी लिग रनिङ सिल्डको क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। प्रतियोगिताअन्तर्गत बुधवार भएको आआफ्नो खेलमा जित हात पार्दै मिलनचोक र रानीपोखरीले अन्तिम आठमा स्थान बनाएका हुन्।

मिलनचोकले रस्नालुको ग्रामीण युवा परिषद्लाई १-० गोलअन्तरले पराजित गरेको हो। रानीपोखरीले भने भुजीको राम्जी मिलिजुली युवा क्लबलाई ३-० ले पराजित गऱ्यो।

भुजी मेदानमा भएको खेलमा निरज कार्कीको निर्णायक गोलमा मिलनचोकले जित हात पारेको हो। निरजले खेलको २३ औं मिनेटमा टोलीका लागि गोल गरेका थिए। यस्ते रानीपोखरीका लागि भने लक्ष्मण सुनुवारले दुई महत्त्वपूर्ण गोल गरे। ५० मिनेटको खेलमा तीनै गोल दोस्रो हाफमा भएको थियो। लक्ष्मणले खेलको ४० औं मिनेटमा मिलनचोकलाई १-० ले अघि राखेका थिए। त्यसको आठ मिनेटपछि नै लक्ष्मणले टोलीको अग्रता दोब्बर बनाए। खेलको ४८ औं मिनेटमा सोनम शेर्पाले गोल थपेपछि रानीपोखरी ३-० ले विजयी बनेको थियो।

बुधवार भएको खेलपछि ओखलढुंगा खिंजोका पवित्र युथ क्लब र युनाइटेड रस्नालु युवा क्लब पनि प्रतियोगिताको अन्तिम आठमा पुगेका छन्। यो दुई टोलीले दुराग्राउँको टोलीलाई पराजित गरे। पवित्रले दुराग्राउँको सिर्जनशील युवा क्लब तथा युनाइटेड रस्नालुले जनजागरण युवा क्लबलाई समान ३-० गोलअन्तरले पराजित गऱ्यो। पवित्रको जितमा बुद्धि नेपालीले दुई तथा अञ्जन सुनुवारले एक गोल गरे। बुद्धिले टोलीका लागि खेलको ११ औं र ३४ औं मिनेटमा गोल गरेका थिए। अञ्जनले १७ औं मिनेटमा गोल गरेका थिए।

यस्ते युनाइटेड रस्नालुले खेलको पहिलो हाफमा दुई तथा दोस्रो हाफमा एक गोल गर्दै जित हात पारेको हो। युनाइटेड रस्नालुलाई खेलको २० औं मिनेटमा अमृत लामाले १-० ले अघि बढाएका थिए। त्यसपछि खेलको २४ औं मिनेटमा आशीष घले तथा ३६ औं मिनेटमा अनिल मगरले गोल गरेपछि युनाइटेड रस्नालु ३-० ले विजयी बनेको थियो।

खेल संक्षेप

असीम र फूलमायालाई स्वर्ण

काठमाडौं (अन्नपूर्ण) : राष्ट्रिय खुला सूटिङ प्रतियोगितामा सप्तरीका असीम यादव र नेपाल प्रहरीकी फूलमाया क्याछाकोल बुधवार स्वर्ण जितेका छन्। व्यक्तिगत स्पर्धाको १० मिटर एयर राइफलको पुरुषमा असीम र महिलामा फूलमाया पहिलो भएका हुन्। सालदोबार्टास्थित सूटिङ रेन्जमा असीमले दुई सय पूर्णांकको फाइनलमा सर्वाधिक १७५ अंक जोड्दै शीर्ष स्थान हात पारे। एक सय ७४ अंकमा सुनसरीका टीकाराम श्रेष्ठ दोस्रो र एक सय ५५ अंकमा नेपाल प्रहरीका हरिबहादुर थापा तेस्रो भए। महिलामा फूलमायाले सर्वाधिक एक सय ९२ अंक जोडिन्। महिलाको फाइनल पनि दुई सय पूर्णांकको थियो। एक सय ८५ अंकसाथ अस्मिता राई दोस्रो र एक सय ६५ अंककासाथ दुर्गा सिञ्जाली तेस्रो स्थानमा रहे। शीर्ष दुई स्थान हात पार्ने खेलाडी पनि प्रहरीकै हुन्। एयर राइफलके पुरुष टिम इभेन्टमा प्रहरी पहिलो, दाङ दोस्रो तथा नेपाल आर्मी तेस्रो बने। सोही स्पर्धाको महिलामा प्रहरी पहिलो, आर्मी दोस्रो र दाङ तेस्रो भए। विजेतालाई आयोजक नेपाल सूटिङ संघका अध्यक्ष पृथ्वीदास श्रेष्ठलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे। चारदिने प्रतियोगितामा समान २८-२८ पुरुष/महिला गरी ५६ खेलाडीले एयर राइफलतर्फ विभिन्न चार स्पर्धामा प्रतिस्पर्धा गरेका थिए।

सोम र विकास फाइनलमा

काठमाडौं (अन्नपूर्ण) सोम लामा र विकास श्रेष्ठ नेपाल ओपन स्नुकर प्रतियोगितामा बुधवार फाइनलमा प्रवेश गरेका छन्। त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्का कभर्डहलमा भएको पहिलो सेमिफाइनलमा सोमले छोपेल शेर्पालाई ५-१ ले पराजित गरे। अर्को सेमिफाइनलमा विकासले विकास महर्जनलाई ५-४ ले हराए। फाइनल बिहीबार हुनेछ। विजेतालै एक लाख एक हजार र उपविजेतालै ५० हजार नगद पुरस्कार पाउनेछन्। तेस्रो हुने दुई खेलाडीलाई १५-१५ हजार नगद पुरस्कार प्रदान गरिनेछ। सर्वाधिक ब्रेककर्तालाई १० हजार नगदबाट पुरस्कृत गरिनेछ।

स्वयम्भूलाई सफलता

काठमाडौं (अन्नपूर्ण) : सृजन सोकोरियल सिक्स ए साइड फुटबल प्रतियोगिताको बुधवार भएको खेलमा स्वयम्भू क्लबले सफलता हात पारेको छ। नयाँबजारमा जारी प्रतियोगिताको पहिलो खेलमा स्वयम्भूले मेरिट फुटबल एकेडेमीलाई १-० गोलले हरायो। स्वयम्भूको जितमा अनिश लम्सालले निर्णायक गोल गरे। अर्को खेलमा फ्रिडमको 'ए' टोलीले न्यू भिजनलाई ३-२ गोलले पन्छायो। फ्रिडमको जितमा राज पोडेलले हयाट्रिक गरे। न्यू भिजनका लागि विशाल बुढाथोकी र विवश पन्तले एकएक गोल गरे। अर्को खेलमा हामी युवा क्लबले एक्सेलसेयर स्कुललाई टाइब्रेकरमा ३-२ गोलले हरायो। निर्धारित समयमा दुवै टोली १-१ गोलको बराबरीका रोकिएका थिए। अर्को खेलमा भर्म्सखेल क्लबले बालाजु युनाइटेडलाई ५-० गोलको फरकिलो अन्तरले पन्छायो। भर्म्सखेलका लागि धीरज थापाले दुई गोल गरे। सुरज नगरकोटी, अरुण थापा र समिर बिष्टले पनि एकएक गोल थपेका थिए।

एएफपी/रासस

भारतविरुद्धको चौथो एक दिवसीय क्रिकेटमा सट प्रहार गर्दै न्यूजिल्यान्डका मार्टिन गुप्टिल। उनकै ७२ रनको योगदानमा न्यूजिल्यान्डले खेल १९ रनले आफ्नो पक्षमा पारेको छ। यससँगै पाँच एक दिवसीय खेलको शृंखला दुईदुईको बराबरीमा पुगेको छ।

सेमिफाइनल समीकरण पूरा

अन्नपूर्ण
दमौली

ह्यास युवा क्लबको आयोजनामा सम्पन्न दोस्रो नवयुवा हाइस्कुलटारले हेरान्स एलाई १-० ले हराएर सेमिफाइनल यात्रा सुनिश्चित गरेको हो।

यसैगरी रामधुम्की ए ले बागबजार एलाई टाइब्रेकरमा ३-२ ले हराएको हो। निर्धारित

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
कान्ति बाल अस्पताल
महाराजगंज, काठमाडौंको

स्टाफ नर्सहरुलाई सेवाबाट हटाईएको सार्वजनिक सूचना

सूचना प्रकाशित मिति २०७३/०७/११ गते

लोक सेवा आयोगको च.नं. १९५ र १४६, मिति २०७३/०६/११ का परामर्श पत्र तथा यस अस्पतालको मिति २०७२/०७/०९ को निर्णयानुसार अस्पतालमा पदाधिकार भएका स्टाफ नर्स श्री सम्झना पोखरेल (कर्मचारी संकेत नं. १८३३८२) लाई स्वास्थ्य सेवा ऐन, २०५३ को दफा

कर्मचारी आवश्यकता

प्रथम पटक प्रकाशित मिति: २०७३ कार्तिक ११ गते

विपन्न वर्गका महिलाहरुलाई लघुवित्तको माध्यमबाट उमीहरुको जीवनस्तर माथि उठाउने उद्देश्यले स्याङ्जा जिल्लाको सदरमुकाम पुतलीबजार-१ मा केन्द्रीय कार्यालय रही स्याङ्जा, पर्वत, बागलुङ, म्याग्दी, मनाङ, मुस्ताङ, लमजुङ, प्युठान, रोल्पा र गुल्मी जिल्लामा कार्यक्षेत्र भएको यस **सूर्योदय लघुवित्त वित्तीय संस्था लिमिटेडलाई** सञ्चालनमा आइसकेका २४ वटा र निकट भविष्यमा खोलिने नयां कैही शाखा कार्यालयहरुको लागि तल उल्लेखित पदमा पूर्ति गर्नुपर्ने भएकोले इच्छुक योग्य उमेदवारहरुबाट लिखिएको निवेदन साथ नागरिकताको प्रमाण-पत्र, शैक्षिक योग्यता तथा अनुभवका प्रमाण-पत्रहरुको प्रतिलिपि सहित मिति २०७३ ०७ २५ गते भित्र यस संस्थाको केन्द्रीय कार्यालय, संस्थाका शाखा कार्यालयहरुमा सार्थे संस्थाको उल्लेखित ईमेल ठेगानामा suryodayalagubitta@gmail.com दरखास्त आव्हान गरिन्छ।

विज्ञापन नं. १/०७३/०७४ (खुल्ला)

पद : वरिष्ठ सहायक (शाखा प्रमुख) **स्तर** : सहायक **आवश्यक पद संख्या** : ५ जना

सेवा : १ वर्षको परीक्षणकाल सहित स्थायी सेवा।

आवश्यक न्यूनतम योग्यता : मान्यता प्राप्त विश्वविद्यालयबाट प्रवीणता प्रमाण-पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको। बैंक, वित्तीय संस्था तथा लघुवित्त संस्थाहरुमा कम्तिमा २ वर्ष काम गरेकालाई प्राथमिकता दिइनेछ।

उमेर : दरखास्त दिने अन्तिम दिनसम्म १८ वर्ष परा भई ३५ वर्ष ननाघेको। महिला उमेदवारहरुको हकमा माथिल्लो उमेरको हदमा पाँच वर्ष थप हुनेछ।

तलब तथा अन्य सुविधा : संस्थाको नियमानुसार।

लिखितको म्यादभित्र प्राप्त दरखास्तहरु छानबिन गरी छोटो सूची (Short List) प्रकाशित गरिनेछ। सो सूचीमा समावेश भएका उम्मेदवारहरुको परीक्षा सम्बन्धी कार्यक्रम सोही मितिमा प्रकाशित गरिने छ।

पदपूर्ति समिति
सूर्योदय लघुवित्त वित्तीय संस्था लि. स्याङ्जा।
नेपाल राष्ट्र बैंक बाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था
। १० जिल्ला कार्यक्षेत्र भएको ।
फोन नं.०६३-४२१८७, फ्याक्स नं.०६३-४२१२२७

पदपूर्ति समिति
सन्धिखर्क नगरपालिका कार्यालय
सन्धिखर्क, अर्घाखाँची

इन्जिनियर पदको सेवा करारमा लिने सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित: २०७३ ०७ ११

यस नगरपालिकाको लागि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) अन्तरगत रही कार्य गर्ने गरी, खुल्ला प्रतियोगितात्मक परीक्षाबाट सिभिल इन्जिनियर सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले तपशिलमा उल्लेख भए अनुसार योग्यता पुगेको इच्छुक नेपाली नागरिकबाट सन्धिखर्क नगरपालिकाबाट उपलब्ध दरखास्त फारम रीतपूर्वक भरी आफ्ले प्राप्त गरको शैक्षिक योग्ताका र नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत सलग्न गरी यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र र म्याद समाप्त भएको मितिले ७ दिनभित्र दोब्बर दस्तुर तिरी यस सन्धिखर्क नगरपालिकाको कार्यालयमा दरखास्त पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

क्र. सं.	पद संख्या	पद	पदपूर्तिको किसिम	कैफियत
१	१	सिभिल इन्जिनियर	खुल्ला	मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा स्नातक तह उत्तीर्ण

द्रष्टव्य:

१. दरखास्त साथ रु. १०००/- तिरेको नगदी रसिद सलग्न हुन पर्नेछ।